आज मिति २०७६/११/ २० गते मंगलबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेतेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो।

उपस्थितिः

| नाम थर | पद |
|---|---|
| श्री फेन्चोक छेतेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्ग्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |
| श्री सम्टुक गुरुङ | (कार्यबाहक अध्यक्ष वडा नं. ३) |
| **अन्य उपस्थिति** | |
| श्री सूर्य प्रसाद तिमिल्सिना | सूचना प्रविधि अधिकृत |
| श्री शिब खड्का | शिक्षा अधिकृत |

प्रस्ताव नम्बर १ :योजना माग सम्बन्धमा।

प्रस्ताव नम्बर २ :नेपाल पर्यटन बोर्डसंग योजना सम्झौता सम्बन्धमा।

प्रस्ताव नम्बर ३ :थप कक्षा संचालनको लागि अनुमति सम्बन्धमा।

प्रस्ताव नम्बर ४ : बहुबर्षीय क्रमागत योजनाको रुपमा स्विकृतको लागि अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नम्बर ५ : सांस्कृतिक प्रबर्धन मेला पर्वको बजेट बांडफांड सम्बन्धमा।

प्रस्ताव नम्बर ६ : योजनाको नाम परिवर्तन सम्बन्धमा।

प्रस्ताव नम्बर ७ : भाषा सुचिकृत गराउने सम्बन्धमा।

**निर्णय नम्बर १ :** प्रस्ताब नं. १ माथि छलफल गर्दा आगामी आ.ब. २०७७/०७८ को लागि बस्ती स्तर र वडा स्तरबाट चैत्र मसान्त सम्म प्राथमिकताक्रम सहित आइपुग्ने गरी योजना माग गर्ने र आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २ :** प्रस्ताब नं. २ माथि छलफल गर्दा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयबाट प्राप्त कागबेनीमा चेन्जीङ रुम र पुजा सामाग्री पसलको लागि पूर्वाधार निर्माण र अपांगहरुका लागि मुक्तिनाथमा Ramp निर्माण गर्ने योजनाको सम्झौता गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नम्बर ३ :** सामुदायिक बिद्यालयहरुको शैक्षिक सत्र २०७७ को लागि थप कक्षा संचालन अनुमति सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ३ चैलेमा अवस्थित दिप ज्योति आ.बिमा कक्षा ३ थपको लागि माग भई आएको,त्यस्तै छुसाङमा अवस्थित जननर्मल आ.बि.ले कक्षा ८ संचालनको लागि माग गरेको र कागबेनीमा अवस्थित कागछोदे थुप्तेन साम्फेल लिङ गुम्बाले पनि कक्षा ८ संचालनको लागि अनुमति मागेकोमा उक्त बिद्यालयहरुको कागजात र अन्य पूर्वाधार समेत पर्याप्त भएको देखिएको हुँदा उक्त बिद्यालयहरुलाई थप कक्षा संचालनको लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नम्बर ४ :** प्रस्ताब नं. ४ माथि छलफल गर्दा जननर्मल आधारभूत विद्यालयको आवासीय भवन निर्माण सम्बन्धमा चालु आ.ब. २०७६/०७७ मा प्राप्त बजेट बाट कार्य गर्न उक्त योजनालाई बहुबर्षीय क्रमागत योजनाको रुपमा स्वीकृति गरिदिनको लागि सामाजिक बिकास मन्त्रालय,गण्डकी प्रदेश,पोखरालाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नम्बर ५ :** प्रस्ताब नं. ५ माथि छलफल गर्दा आ.ब. २०७६/०७७ मा सांस्कृतिक प्रबर्धन मेलाको लागि १० लाख बजेट बिनियोजन गरिएकोमा तपशिल बमोजिम बांडफांड गर्ने निर्णय गरियो ।

| **क्र.स.** | **गाउँको नाम** | **बजेट रु. हजारमा** |
|---|---|---|
| १ | धाकर झोङ | ७५ |
| २ | फल्याक | १२० |
| ३ | कागबेनी | १२० |
| ४ | लुप्रा | ७५ |
| ५ | झारकोट | ७५ |
| ६ | पुटाक | ७५ |
| ७ | झोङ | ७५ |
| ८. | छेंगुर | ७५ |
| ९ | खिंगा | ७५ |
| १० | तेताङ | ३५ |
| १२ | पाकलिङ | ३५ |
| १३ | तिरी | ३० |
| १४ | ताङ्वे | ३० |
| १५ | घ्याकर | ३५ |
| १६ | छुसाङ | ३० |
| | **जम्मा** | १००० |

**निर्णय नम्बर ६ :** प्रस्ताब नं. ६ माथि छलफल गर्दा आ.ब. २०७६/०७७ को वडागत बजेटको वडा नं. १ को क्र.स. ७ को योजना झारकोटदेखि वडा कार्यालय सम्म बाटो मर्मतको नाम परिबर्तन गरी झारकोट देखि एनटीसी टावर सम्म बाटो निर्माण राखी सोहि बमोजिम काम गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नम्बर ७ :** प्रस्ताब नं. ७ माथि छलफल गर्दा गाउँपालिका भित्र प्रचलनमा रहेका मातृभाषा 'सेर के' र 'वारागुङ के' लाई समेत नेपालमा प्रचलित भाषाको सुचिमा सुचिकृत गर्नको लागि भाषा आयोगलाई अनुरोध गर्ने निर्णय गरियो ।